## चौथो बैठक

आज मिति २०८२।०७।२६ गते बुधबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री झविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

### तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री झविलाल थापा | नगर प्रमुख | भुमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भुमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ३ | |
| ६. | श्री वावुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ८. | श्री ..प्रेम नारायण वेल्वासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ८ | |
| ११. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १० | |
| १३. | श्री खुमा वेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १५. | श्री तिर्था वेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १७. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १९. | गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २०. | गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २१. | श्री जगिदश चन्द्र नेपाली | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भुमिकास्थान नगरपालिका | |

CamScanner

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| २२. | हरिश्चन्द्र भुसाल | योजना शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |
| २३. | शेषकान्त घिमिरे | स.कम्प्यूटर अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २४. | सुनिल पोखेल | स. लेखा अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २५. | अशोक खनाल | जिन्सी शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |

**प्रस्तावहरु**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. विद्यालय घेराबार तथा मर्मत योजना सम्बन्धमा
३. संघीय विशेष अनुदान सम्बन्धमा ।
४. उत्पादित कृषिजन्य वस्तुको मूल्य सम्बन्धमा ।
५. विविध

सर्वप्रथम भूमिकास्था नगरपालिका वडा नं.४ का वडा पूर्व वडा सदस्य श्री रुपी सुनार, वडा नं. ७ का पूर्व वडा अध्यक्ष श्री तारा वहादुर मल्ल र वडा नं. ८ को वडा सदस्य मनकला पाण्डेका पुत्र श्री आशिष पाण्डे को असामयिक निधनले सिंगो भूमिकास्थान नगरपालिका स्तब्ध एवं मर्माहत भएको छ दुःखको यस घडीमा नगर कार्यपालिकाको बैठक दीवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोकाकुल परिवारहरुमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको सन्दर्भमा व्यापक छलफल भयो र उक्त छलफलबाट अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको पाईयो ।

- बार्षिक नगर विकास योजनामा संघीय समानिकरण अनुदान तर्फबाट चालु आ.ब.मै कार्यान्वयन हुनेगरी स्वास्थ्य शाखा तर्फ औषधी खरिद शीर्षकमा विनियोजित बजेटबाट यस नगरपालिकाको नागरिक आरोग्य केन्द्रमा आवश्यक पर्ने आयुर्वेदिक औषधी समेत खरिदका लागि बजेट विनियोजन भएकोमा सो को कार्य अगाडी बढेको ।
- नगरपालिकाको वडा नं. ७, ८ र ९ मा सञ्चालित गरिबसंग विश्वेश्वर कार्यक्रम अन्तर्गतको विउपूँजी चालुकोषको रकम परिचालन सम्बन्धमा भएको निर्णय बमोजिम कार्य प्रक्रिया अगाडी बढेको ।
- २०८२ सालको आसन्न विजया दशमी, शुभ दिपावली, छठ पर्व लगायतका पर्वहरुले समस्त नगरबासीहरुमा सुःख, शान्ति, समृद्धि, सु-स्वास्थ्य र दीर्घायू प्रदान गरोस भन्ने कामनाका साथ शुभ-कामना आदान प्रदान भएको ।

**निर्णय नं.२ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रदेश विशेष अनुदान अन्तर्गत विभिन्न विद्यालय घेराबार तथा मर्मत कार्यको लागि १७ औं नगरसभाबाट स्वीकृत रु. १८,००,०००। बजेटबाट विद्यालय घेराबार तथा मर्मत कार्यको लागि तपसिल बमोजिमका विद्यालयहरुमा प्राविधिक निरीक्षण गरी लागत अनुमान तयार गर्ने र आगामी बैठकमा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | विद्यालयको नाम | कैफियत |
|---|---|---|
| १ | जनचेतना आधारभूत विद्यालय, भूनपा ६, भगवति माध्यमिक विद्यालय भूनपा २ , लक्ष्मी आधारभूत विद्यालय,भूनपा ४, बालशिक्षा आधारभूत विद्यालय, भूनपा ५, देउराली आधारभूत विद्यालय, ढाकावांग शौचालय, | शौचालय तर्फ |
| २ | दीपेन्द्र आधारभूत विद्यालय, भूनपा ९, सरस्वति आधारभूत विद्यालय, भूनपा १०, देउराली आधारभूत विद्यालय, भूनपा ९, भेडिखोर, भगवति माध्यमिक विद्यालय, भूनपा ७, पाण्डाडा, जनप्रीय माध्यमिक विद्यालय, भूनपा ५, असुरकोट, अन्पूर्ण माध्यमिक विद्यालय, भूनपा ३, सिद्धबाबा आधारभूत विद्यालय, भूनपा १, धर्मावति आधारभूत विद्यालय, भूनपा ६, जनशक्ति आधारभूत विद्यालय, भूनपा ६, विरेन्द्र आधारभूत विद्यालय, भूनपा ४, | अन्य मर्मत तर्फ |

CS CamScanner

amyog banjade | 98417953 | bipananepali5555@gmail.com
Laxman bhusal | 9847 | rajupun866@gmail.com
Sanjaya Bhattarai | 976665 | banjadesamyog0@gmail.com
| 9768954263 | laxmanbhusal759@gmail.com
| | sb438816...

**निर्णय नं.३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा संघीय विशेष अनुदान अन्तर्गत प्राप्त बजेटबाट विभिन्न खानेपानी योजना सुधार विस्तारका योजनाहरुको तत्काल लागत अनुमान तयार गरी ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाबाट संचालित कर्मशील जनशक्ति रोजगार आयआर्जन कार्यक्रम अन्तर्गत नगरपालिकाका विभिन्न बांझो जग्गा क्षेत्रहरुमा उत्पादित कृषिजन्य वस्तुको बिक्री मूल्य निम्नानुसार तोकीएकोले उक्त बिक्री मूल्य अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | उत्पादित वस्तुको विवरण | बिक्री मूल्य रु. | कैफियत |
|---|---|---|---|
| १ | धान प्रति के.जी. | ४० | |
| २ | मकै प्रति के.जी. | ४५ | |
| ३ | धानको पराल प्रति टेक्टर | २००० | |
| ४ | अकबरे खुर्सानी प्रति के.जी. | | प्रचलित मूल्य बमोजिम १४० देखि २१० सम्म |

**निर्णय नं.४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाका विभिन्न स्थानबाट ढुंगा गिट्टी बालुवा संकलन तथा बिक्री वितरणको लागि र पशुचौपायाको व्यवसायिक कारोबारको लागि पटक पटक सूचना प्रकाशन गर्दा समेत कुनै ठेक्का नपरेकोले उक्त कार्य अमानत प्रक्रियाबाट अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्वन्धी कार्यविधी, २०७५ को दफा २ को उपदफा (१) अनुसार तपसिल बमोजिमका निर्माण सेवालाई सोही कार्यविधीको दफा २ को उपदफा (४) अनुरुप निर्माण व्यवसायको ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | निर्माण सेवाको नाम | ठेगाना | प्रोपराईटरको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | अटल निर्माण सेवा | भू.न.पा. ८ | अस्मिता मिया, पाणिनी गाउंपालिका वडा नं. ८ | |

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिका वडा नं. ६ को स्वास्थ्य चौकीमा संचालित स्वास्थ्य प्रयोगशालामा कार्यरत चन्द्र बहादुर थापालाई स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट उपलब्ध गराउँदै आएको पारीश्रमिक रकम अब करार सेवा शुल्क शिर्षकमा विनियोजित बजेटबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाका संस्थागत प्रसुतिको लागि प्रोत्साहन गर्न नगरपालिकाको सम्बन्धित क्षेत्रका गर्भवति तथा सुत्केरी महिलाहरुको लागि यातायात प्रोत्साहन उपलब्ध गराउने कार्य विगत आ.व. हरुमा उपलब्ध गराएकै दरमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ माथि छलफल गर्दा बार्थिङ सेन्टर ढाकावांगमा रिक्त भएको अ.न.मी. पदको पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :** प्रस्ताव नं. ९ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाका बासिन्दाहरुलाई आवश्यकताको आधारमा ब्लड बैंकबाट निशुल्क ब्लड उपलब्ध गराउने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १० :** प्रस्ताव नं. १० माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको उपयुक्त बजेट शिर्षक खोजी गरी जग्गा वर्गिकरण तथा भू उपयोग योजना तयारी प्रक्रियामा अगाडी बढाउने निर्णय गरियो ।

CamScanner